# इस्लामीय सिद्धान्तबारे महत्वपूर्ण फतवाहरू

[ नेपाली - Nepali - نيبالي ]

अब्दुल अजीज बिन अब्दुल्लाह बीन बाज

अनुवादकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# الفتاوى المهمة تتعلق بالعقيدة

« باللغة النيبالية »

للشيخ عبد العزيز بن عبد الله بن باز

ترجمة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

**بسم الله الرحمن الرحيم**

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

सम्पूर्ण प्रशंसा अल्लाहीको लागी हो । र दरूदो सलाम उनका दूत महुम्मद् र उनका परिवार र साथीहरुमाथि होस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ।**

**पुस्तक पाइने ठेगाना -:**
**इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**
**९७२७६४९२३८**

## अनुवादकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रम्हाण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

यो सानो पुस्तिका प्रख्यात धर्मगुरु इस्लामीय विधानको विद्वान शैख इब्ने बाजको केही उक्ति र फतावाहरूको श्रृंखला हो । यसमा इस्लामी सिद्धान्तबारे केही महत्वर्पूण फतावाहरू तपाईहरूको समक्ष संक्षेपमा राख्ने सहास गरेछु, आशा छ कि यस श्रृंखलाबाट अल्लाह हामी सबैलाई लाभ पुऱ्याई सुर्मागमा लगाउनु हुन्छ, र परिणाम स्वरूप हामीलाई र्स्वग प्रदान गरी भाग्यवानहरूको समूहमा सम्मानित गर्नु हुनेछ । मेरो अल्लाहसित र्प्राथना छ कि हे अल्लाह यस पुस्तकबाट र्सवसृष्टिलाई लाभ पुऱ्याई मलाई आफ्नो कृपाको पात्र बनाऊ र मेरो घरपरिवारका सबै सदस्यलाई र्स्वग प्रदान गर । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

प्रश्न नं. १ - केही समाजहरूमा केही अनुचित र अवैध कार्यहरू भई राखेका छन्, उदाहरण स्वरूप चिहानहरू मथि जुन क्रियाकलाप गरिन्छ , यस्तै प्रतिज्ञा, शपथ आदि जुन अल्लाह बाहेक आर्काको नाममा गरिन्छ जस मध्ये केही त कुफ्र र केही बहुदेववादका कार्यहरू हुन्, हजूरसित उप्रोक्त कुराहरूको बारेमा विस्तृत जानकारी कुरआन र सुन्नतको प्रकाशमा गराई दिनु सादर अनुरोध छ ?

उत्तर नं. १ - समस्त प्रशंसा अल्लाहका लागि छन्, र दरूदो सलाम अवरित होस् मुहम्मद र उहाँको घरपरिवार साथि र उहाँको सबै अनुयायीहरू मथि अम्मा बअ्द ।

सत्य कुरो यो छ कि अधिकतम् मान्छेहरूलाई वैध र अवैध कुराको ज्ञान नै छैन, र उनीहरू यी दुवै बीच भ्रमित छन्, जस्तो कि धेरै मान्छेहरू असैक्षताको कारण र अन्धो तकलीद ( तकलीदः कसैको बिना कुनै प्रमाण अनुशरण गर्नुलाई तकलीद भनिन्छ ) को कारणले यस्ता अवैध कार्यहरू गर्छन् । यसै कारण प्रत्येक ठाउँका विद्वानहरू माथि यो अनिवार्य छ कि सर्वसाधारण समक्ष इस्लाम धर्मको वास्तविक्तालाई प्रष्ट पारुन् र एकेश्वरवादको वास्तविक अर्थ र परिभाषा प्रस्तुत गरुन् । जसरी यो अवश्यक छ कि बहुदेववाद सम्म पुऱ्याउने स्रोतहरूको संक्षिप्त जानकारी गराई उनीहरूलाई अधर्मी हुनुबाट बचाउन् , जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : र जब अल्लाहले किताबवालासित वचन लियो, कि सबैका लागि यसको वर्णन गर्ने छौ र त्यसको कुनै कुरा लुकाउँदैनौ, भने त्यसपछि तिनीहरूले त्यस वचनलाई अर्कोतिर फाली बेवास्ता गरिहाले र त्यसलाई थोरै मूल्यमा बेची दिए । यिनीहरूले गरेको यो व्यापार अत्यन्त नराम्रो छ । ( सूरतु आले इमरान १८७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : जसले हामीबाट उतारेको आदेश र निर्देशनलाई लुकाउँछन् यसको बावजूद कि हामीले तिनीहरूलाई आफ्नो किताबमा स्पष्ट रूपमा वर्णन गरेका छौ त्यसता मानिसहरूलाई अल्लाहले र तमाम धिक्कार गर्नेहरूले धिक्कार्ने गर्दछन् । ( सूरतुल् बकरः १५९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले सुकर्मतर्फ कसैलाई प्रेरित गऱ्यो त्यसलाई त्यो सुकर्म गर्ने मान्छे भैं प्रतिफल मिलनेछ । ( मुस्लिम )

र आर्को ठाउँमा उहाँको फर्मान छ :

अर्थ : जसले कसैलाई सुमार्गतर्फ बोलाउँछ त्यसलाई त्यस मार्गमा हिंडनेहरू भैं पुण्य मिल्छ, र आमंत्रित गर्ने व्यक्तिको पुण्यले सुमार्गीहरूको पुण्यमा कुनै कमी गर्दैन । यस्तै जसले कसैलाई कुमार्ग तर्फ आमन्त्रित गऱ्यो त्यसलाई त्यो व्यक्ति भै पाप लाग्ने छ जुन त्यस कुमार्गमा हिंडिरहेछ, र प्रेरित गर्ने मान्छेको पापले कुमार्गीहरूको पापमा कुनै कमी गर्दैन । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : जसमाथि अल्लाह आफ्नो अपार अनुग्रह गर्न चाहन्छ त्यसलाई धर्म विद्वान बनाई दिन्छ ।(बुखारी, मुस्लिम )

र यस जस्ता धेरै आयत र हदीसहरू छन् जुन ज्ञानलाई विस्तृत गर्ने र कुकर्म रोकनमा प्रेरित गर्छन् र ज्ञानलाई लुकाउनुबाट रोक्छन् । र बाँकी रह्यो त्यो कार्यहरू जुन चिहानहरू माथि अधिकतम् देशहरूमा गरिन्छ जसरी चिहानमा गाडिएका मृतकसित सहायता माँग्नु , र विरामीलाई सन्चो पार्ने प्रार्थना गर्नु , र शत्रुहरू माथि विजय पाउने सहायता माँग्नु आदि यो सबै जघन्य अपराध र घोर शिर्क हो । यो यस्ता कर्महरू हुन् जसलाई अज्ञानकालमा गरिन्थ्यो । अल्लाहको फर्मान छ :

अर्थ : हे मानिसहरू ! आफ्ना पालनकर्ताको उपासना गर जसले तिमी र तिमी भन्दा पहिलाका मानिसहरूको सृष्टि गऱ्यो ताकि तिमीहरू सदाचारी बन्न सक । ( सूरतुल् बकरः २१ )

र आर्को आयतमा अल्लाहको भनाई छ :

अर्थः मैले जिन्न र मानिसहरूलाई केवल आफ्नो उपासनाको लागि सृष्टि गरेको छु । ( सूरतुज्जारियात ५६ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर ..... । ( सूरतुल् इस्रा २३ )

र सूरतुल् बैयेनःमा अल्लाहको फर्मान छ :

अर्थः उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन् , र निष्ठाको साथ नमाज पढुन् र जकात (धर्मादय) देउन् र यही नै सबैको साँचो धर्म हो। ( सूरः अल् बैयेनः ५ )

र यस जस्ता धेरै आयतहरू (श्लोकहरू) छन् जुन यो कुरालाई प्रष्ट गर्छन्  कि अल्लाहले जिन्नात ( दानव ) र मनुष्यलाई जस उद्देश्यको लागि सृष्टि गरेको छ त्यो हो आफ्नो समस्त कार्यमा अल्लाहलाई एक मान्नु, र समस्त कार्य केवल एक अल्लाहको प्रसन्नता प्राप्तिको लागि गर्नु, जसरी नमाज, ब्रत, दान, हज्ज, बलि, प्रतिज्ञा आदि सबै एक अल्लाहका लागि गर्नु अल्लाहको फर्मान छ :

अर्थ : के त्यो मानिस जसले अल्लाहको सदिच्छा प्राप्तिको लागि प्रयत्नशील छ, त्यस मानिस जस्तो हुनसक्छ जसले अल्लाहको क्रोध लिएर फर्कन्छ ? र जसको बासस्थान जहन्नम छ जो अत्यन्तै नराम्रो ठाउँ हो । ( सूरतुल् अनआम १६२ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : निःसन्देह हामीले तिमीलाई "हौजे कौसर" (अनुकम्पाहरू) प्रदान गरेका छौं । अतः आफ्ना पालनकर्ताको लागि नमाज़ पढ्ने गर र उसको निम्ति कुर्बानी गर । ( सूरतुल् कौसर १,२)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : त्यस माथि अल्लाहको धिक्कार छ जसले अल्लाह बाहेक कसैको लागि बलि गऱ्यो । ( मुस्लिम )

र अल्लाहको फर्मान छ :

अर्थ : र यो कि मस्जिदहरू अल्लाह कै लागि मात्र हुन् , तसर्थ अल्लाहसंग कसैको पूजा नगर । ( सूरतुल् जिन्न १८ )

र आर्को आयतमा छ :

अर्थः जोसुकै व्यक्तिले अल्लाहको साथमा कुनै अर्को पूज्यलाई पुकार्दछ, जसको बारेमा उसको साथमा कुनै प्रमाण छैन, त उसको हिसाब उसको पालनकर्तासित छ। निश्चय नै अवज्ञाकारीहरू कहिल्यै सफल हुने छैनन् । ( सूरतुल् मूमिनून ११७ )

र आर्को आयतमा छ :

अर्थ : उसले रातलाई दिनमा प्रविष्ट गराउँदछ र दिनलाई रातमा प्रविष्ट गराउँदछ। र उसले सूर्य र चन्द्रलाई काममा लगाईराखेको छ। प्रत्येक कुरो एक निर्धारित समयमा चलिराखेको छ। यही अल्लाह तिम्रो सबको पालनकर्ता हो।

उसैको सत्ता छ। उसबाहेक तिमीले जसलाई पुकार्दछौ उनीहरू त खजूरको गेडाको बोका बराबर पनि ( कुनै कुराको ) मालिक छैनन्। ( सूरतु फातिर १३ )
यी सबै आयतहरूमा अल्लाहले स्पष्ट पारेछ कि नमाज, बलि, कसै आर्काको लागि, र मूर्ति र मृतक एवं ढुङ्गा रुख आदिलाई सहायताको लागि पुकार्नु अल्लाहको इन्कार गर्नु त्यससंग शिर्क गर्नु हो। र अल्लाह बाहेक जस जसलाई पुकारिन्छ चाहे त्यो नबी होस् वा फरिश्ता अथवा वली होस् वा जिन्न एवं मूर्ति होस् वा मृतक आदि यी सबै कुनै लाभ अथवा हानि माथि शक्ति सम्पन्न छैनन्, सर्वशक्ति सम्पन्न त्यो अल्लाह नै हो जसले यी सबैलाई सृष्टि गरेको छ तसर्थ यी सबैलाई पुकार्नु नास्तिकता हो र अल्लाहले कुरआनमा यो प्रष्ट गरिदिएको छ कि यिनीहरू कसैको पुकार सुन्दैनन् र यदि सुन्न सके भने पुकारको उत्तर दिन असमर्थ छन्। तसर्थ सबै जिन्न र मनुष्य माथि अनिवार्य छ कि यस्तो कुकर्मबाट टाढा रहुन् र टाढा बसेर मात्र पुग्दैन बरु त्यसको घातक परिणामबाट अरुलाई सतर्क गरुन् र सबैलाई यो संदेश पुगाउन् कि यस्ता पाखण्डी कर्महरू सन्देशवाहकहरूको तालिम विरुद्ध छ। जस्तो कि अल्लाहको भनाई छ :
अर्थ : हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई त्यागिहालुन् अनि तिनीहरू मध्ये केही यस्ता छन्, जसलाई अल्लाहले मार्ग दर्शन गऱ्यो र केही यस्ता छन जो मार्ग बिचलनमा परे। तसर्थ तिमी स्वयम् पृथ्वीमा घुमफिर गरेर हेरिहाल कि ( सत्यलाई ) झूठो भन्नेहरूको परिणाम कस्तो भयो ? (सूरतुन् नहल ३६ )
र आर्को ठाउँमा अल्लाहको भनाई छ :
अर्थ : र जुन पैगम्बरलाई पनि हामीले तिमी भन्दा अगाडि पठायौं, तिनीहरू तिर यही सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर। ( सूरतुल् अम्बिया २५ )

र रसूल सल्लल्लाहो अलैहे वसल्ल्म मक्कामा १३ वर्ष सम्म केवल एकेश्वरवाद तर्फ नै आफ्नो प्रचार केन्द्रित गरे र शिर्कबाट डराउँदै रहे, र लाइलाहा इल्लल्लाहको अर्थ प्रष्ट गर्दै रहे, तर धेरै जनाले उहाँको कुरालाई मनपराएनन् फेरि उहाँले मदीना तर्फ प्रवास गर्नु भयो, अनि अल्लाहको अज्ञाले त्यहाँबाट उहाँको प्रचार प्रसार प्रगतिशील भई उन्नति पायो र इस्लामको प्रकाश संसारको कुना काप्चामा पुग्यो । उहाँले धर्मयुद्ध गर्नु भयो र ठूला ठूला राजाहरूलाई पत्रद्वारा इस्लाम तर्फ आमन्त्रित गर्नु भयो, र यसबारेमा जुन सुकै कष्टलाई सहन गर्नु भयो यसले गर्दा अल्लाह उहाँ र उहाँको समथीहरूसित प्रसन्न भयो, र समूह दर समूह मान्छेहरू इस्लाम कबूल गरे । र एकेश्वरवादको विजय भयो र बहुदेववाद पराजित भयो ।

र उहाँको साथी ( सहाबाहरू ) धर्मयुद्ध गर्दै सबैलाई पृथ्वी माथि पराजित गरे र अल्लाहको धर्म इस्लाम सबै धर्ममाथि प्रभावी भयो जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : उसैले आफ्नो रसूललाई मार्गदर्शन र सत्य धर्म सहित पठाएको छ ताकि यसलाई अरु अन्य धर्महरूमाथि अधिपत्य प्रदान गरोस् । यद्यपि मुश्रिकहरूलाई नराम्रो लागोस् । ( सूरतुत्तौबा ३३ )

र चिहानहरू छेउमा जुन बिदअत ( रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति पिरुद्धको कार्य ) गरिन्छ जसरी चिहान छेउ नमाज पढनु र कुरआनको पाठ गर्नु आदि, यो सबै क्रियाकलाप बिदअत र ठूलो शिर्क हुन् र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : यहूदी र ईसाईहरू माथि अल्लाहको धिक्कार होस् जिनले आफ्ना नबीहरूको चिहानलाई पूजाघर ( मस्जिद ) बनाई हाले । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : सावधान ! तिमीहरू भन्दा पहिलाका जुन मान्छेहरू थिए तिनीहरूले आफ्ना नबीहरू र धर्माचारीहरूको चिहानलाई पूजाघर बनाए खबरदार ! चिहानहरूलाई तिमीहरू पूजाघर

नबनाउनु म तिमीहरूलाई यसबाट मनाही गर्छु । ( मुस्लिम )
उप्रोक्त दुवै हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो प्रष्ट पार्नु भएछ कि यहूदी ईसाई र अन्य धर्मावलम्बीहरूले चिहानहरूलाई मस्जिद बनाउँथे यसै कारण उहाँले आफ्नो उम्मतलाई यसो गर्नबाट मनाही गरे, र त्यहाँ नमाज पढनु, र कुरआनको पाठ गर्नु, चिहानलाई पक्की बनाउनु आदिबाट रोके किनकी यो सबै क्रियाकलाप शिर्कमा संलग्न गर्ने स्रोत र माध्यमहरू हुन् । जस्तो कि यस्तो क्रियाकलाप यहूदीहरू र यस उम्मतका अज्ञानीहरू गर्छन्, र चिहानमा दफ्नाइएका मृतकहरूको लागि बलि दिन्छन्, उनीसित सहायता माँग्छन् र उनीसित विरामी संचोगर्ने प्रार्थना गर्छन् , जस्तो कि हुसैन बद्वी, अब्दुल् कादिर जीलानी र इब्ने अरबी र आदिका चिहानहरू छेउ गरिन्छ जुन कि जघन्य अपराध हो । र यस्तो क्रियाकलाप गरेर यदि कसैको बिना तौबा ( क्षमायाचना ) मृत्यु हुन्छ भने त्यो नर्कीय हुन्छ । अल्लाह हामी सबैलाई यस्तो क्रियाकलापबाट बचाउन् ( आमीन ) यसलेगर्दा समस्त मुस्लिम समुदाय माथि यो अनिवार्य भई जान्छ कि यस्ता क्रियाकलापबाट टाढा रहुन् , र आर्कालाई पनि टाढा राखुन् । र यदि कुनै कुराबारे थाहा छैन भने विद्वानहरूसित सोधुन् , र यो प्रयास गरुन् कि यस उम्मतका धर्मातमा र महान विद्वानहरूको पद्धति माथि हिंडी आफ्नो जीवन व्यतीत गरुन् ।
अल्लाहको फर्मान छ :
अर्थ : र हामीले तपाई भन्दा पहिला पनि पुरुषहरूलाई नै पैगम्बर बनाएर पठाउने गरेका थियौं, जिनीहरूमाथि हामीले आफ्नो आदेश पठाउने गर्दथ्यौं । यदि तिमीहरूलाई थाहा छैन भने किताबका ज्ञाताहरू सित सोधिहाल । ( सूरतुन् नहल ४३)
र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :
अर्थ : जुन व्यक्ति ज्ञान प्राप्तिको बाटोमा लाग्छ भने अल्लाह त्यस ज्ञानको माध्यमले उसको लागि स्वर्गको बाटो सरल गरिदिन्छ.....।
र हामीलाई यो थाहा छ कि अल्लाहले मानवलाई निउद्देश्य

जन्माएको छैन बरु उनीलाई एउटा उद्देश्यले जन्माइएको छ त्यो हो मात्र अल्लाहको पूजा अराधनाको निम्ति जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । ( सूरतुज् जारियात ५६)

र यो पूजा कसरी गरिन्छ त्यो चाहिं कुरआन र हदीसद्वारा नै प्राप्त हुन सक्छ अरु कुनै स्रोत छैन । र कुनै कुरा नबूझेको खण्डमा विद्वानहरूसित सोध्नु पर्छ । यस्तो ढंगले नै पूजाको विधिहरू बूझ्न सकिन्छ । र यो नै त्यो बाटो हो जसको माध्यमबाट अल्लाहको प्रसन्नता प्राप्त गर्न सकिन्छ , अल्लाह हामी सबैलाई सफलताको बाटो तिर लगाउन् (आमीन)

र शिर्कको किसिमहरू मध्ये अल्लाह बाहेक कसैको शपथ लिनु पनि हो , जस्तो नबीको कसम खानु, ठाउँ र जीवनको शपथ, नासो र कुनै पनि सृष्टिको शपथ यो सबै वर्जित र अवैध छन् । अल्लाहका रसूलको भनाई छ :

अर्थ : जसलाई शपथ लिनु नै छ भने अल्लाहको शपथ लेओस् वा चुपलागेर बसोस् । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : जसले अल्लाह बाहेक कसैको शपथ लियो त्यसले शिर्क गऱ्यो । ( अहमद )

र आर्को हदीसमा छ :

अर्थ : जसले अल्लाह बाहेक कसैको शपथ लियो त्यसले कुफ्र वा शिर्क गऱ्यो । ( अबू दाऊद )

र आर्को हदीसमा छ :

अर्थ : जसले अमानत ( नासो )को शपथ खायो त्यो मान्छे हामी मध्येको होइन ।

र आर्को हदीसमा छ कि :

अर्थ : आफ्नो पूर्वजहरूको शपथ नखाऊ, र नत आफ्नो आमाहरूको शपथ खाऊ र नत मूर्तिहरूको शपथ खाऊ र यदि तिमी आफ्नो कथनमा सत्यवान छौ भने अल्लाहको शपथ खाऊ नत्र अल्लाहको पनि शपथ नखाऊ ।

र यस जस्ता धेरै हदीसहरू छन् जुन यो प्रष्ट पार्छन् कि अल्लाह बाहेक कसैको पनि शपथ खानु शिर्के असगर सानो शिर्क हो र कहिले काहिं शिर्के अकबर ठूलो शिर्क पनि भई हाल्छ जस्तो कि मान्छेहरूले जसको शपथ लिन्छन् त्यसलाई अल्लाह जसतै ठान्नु , त्यसबाट सहायताको आशा राख्नु आदि अथवा यो भन्नु कि यदि तपाई र अल्लाहले चाहेको खण्डमा यो हुन्छ नत्र हुँदैन आदि, यो सबै शिर्क हो जस्तो कि अल्लाहको रसूलको भनाई छ :

अर्थ : तिमीहरू यस्तो नभन कि जुन अल्लाह र फलाँ चाहोस् बरु यो भन कि जुन अल्लाह चाहोस् अनि फलाँ चाहोस् ।

र आर्को हदीसमा छ कि एउटा मान्छेले भन्यो " कि यदि अल्लाह र तपाई चाहनु हुन्छ त रसूल सल्लल्लहो अलैहे वसल्लमले भन्नु भयो कि तिमी मलाई अल्लाहको समक्षी ठान्छौ बरु भन जुन अल्लाह एकलै मात्र चाहोस् " ।

अर्थात यस जसता सबै क्रियाकलाप अवैध छन् र इस्लामीय विधान विपरीत छन् र उप्रोक्त क्रियाकलाप कुफ्र हुन् त्यो सबैबाट अल्लाह हामी सबैलाई बचाउन् ( आमीन )

प्रश्न नं. २ - केही मान्छेहरू जायज (वैध) वसीला ( माध्यम ) र वर्जित वसीला बूझ्नुमा भ्रमित भई जान्छन् र रसूल सल्लल्लहो अलैहे वसल्लम माथि आस्था राख्नु र उहाँको अनुशरणलाई माध्यम बनाउनु र यस्तै उहाँको जीवनको प्रार्थनाद्वारा वसीला बनाउनु र उहाँको प्रतापलाई वसीला बनाउनु र मृत्यु पश्चात उहाँलाई माध्य बनाउनु यी सबै कुराहरूमा धेरै जसो मानिसहरू भ्रमित छन् , र उनीहरूलाई सत्य असत्य माध्यको ज्ञान छैन हजूरसित उप्रोक्त कुराहरू प्रष्ट पारिदिनु अनुरोध छ ?

उत्तर नं. २- यसमा संदेह छैन कि अधिकतम् मान्छेहरू वैध र अवैध वसीला बीच अज्ञान्ताको कारण फर्क गर्न सक्दैनन् जब कि यो प्रष्ट छ कि ती दुवै बीच धेरै भिन्नता छ , अर्थात वैध वसीला त्यही हो जसलाई अल्लाहले आफ्ना संदेशवाहकहरूलाई प्रदान गरेर पठायो र जसको लागि आफ्नो

ग्रन्थहरू अवतरित गऱ्यो, र जसको लागि दानव र मनुष्यलाई सृष्टि गऱ्यो, र त्यो हो अल्लाहको पूजा अराधना र त्यससित प्रेम र रसूल सल्लल्लहो अलैहे वसल्लमसित प्रेम, र समस्त रसूलहरूसित प्रेम र समस्त आस्थावानहरूसित प्रेम आदि ।

उप्रोक्तमा वर्णन गरिएका कुराहरू नै जायज माध्यम हुन् जसद्वारा वसीला खोज्न सकिन्छ, र त्यसैद्वारा स्वर्ग पाउन सकिन्छ, र नर्कबाट बाँच्न सकिन्छ । अर्थात अल्लाहका नामहरू र गुणहरूद्वारा र अल्लाहसित प्रेमद्वारा र समस्त सुकर्मद्वारा वसीला खोज्न सकिन्छ । अर्थात उप्रोक्तमा वर्णन गरिएका कुराहरूको माध्यमले अल्लाहसित प्रार्थना गर्न सकिन्छ र यस्तै रसूल सल्लल्लहो अलैहे वसल्लमको प्रेमलाई पनि माध्यम बनाउन सकिन्छ र उहाँ माथि आस्थालाई पनि माध्यम बनाउन सकिन्छ र उहाँको विधानको अनुशरणलाई पनि माध्यम बनाउन सकिन्छ, किनकी यो नै सबै भन्दा सर्वोत्तम सुकर्महरू हुन् ।

र रसूल सल्लल्लहो अलैहे वसल्लमको प्रताप सम्मान एवं इज्जतलाई माध्यम बनाउनु वा कुनै नबी एवं वलीको सम्मान इज्जतलाई माध्यम बनाई माँग्नु बिदअत र अवैध छ , र शिर्क सम्म पुऱ्याउनेवाला स्रोत हो । र हामीलाई यो थाहा हुनुपर्छ कि सहाबाहरू रसूल सल्लल्लहो अलैहे वसल्लमको बारेमा सबै भन्दा अधिक ज्ञानी थिए तर उनीहरूले उहाँको सम्मान र इज्ज्तलाई माध्यम बनाएनन् यदि यो वैध भएको भए उनीहरू अवश्य यस्तो गर्ने थिए किनकी जब हजरत उमर रजिअल्लाहो अन्होको शासनकालमा अन्नकाल परेको थियो तब उनीहरू रसूल सल्लल्लहो अलैहे वसल्लमको चिहान छेउ गएनन् र उहाँलाई माध्यम बनाएनन् बरु उहाँको काका अब्बास कहाँ गएर अल्लाहसित प्रार्थना गर्ने आग्रह गरे, यसको वर्णन बुखारीमा विस्तारले गरिएको छ , र उहाँको काका अब्बासको प्रार्थना पश्चात अल्लाहले वर्षा वृष्टि गऱ्यो ।

र यस्तै गुफावालाहरूको कथा पनि अति प्रसिद्ध छ, कुरो यो थियो कि तीन जना गुफामा शरण लिए पश्चात एउटा

चट्टान पहिरोले खसेर गुफाको मुहानलाई छोप्यो, अनि उनीहरूले आफ्ना सुकर्मलाई माध्यम बनाई अल्लाहसित प्रार्थना गरे अनि अल्लाहले त्यस चट्टानलाई गुफाको मुहानबाट हटाइदियो । ठीक यस्तै हामी पनि आफ्नो सुकर्मलाई माध्यम बनाई प्रार्थना गर्न सक्छौं । तर कसैको प्रताप र सम्मान एवं इज्जत आदिलाई माध्यम बनाउन वैध छैन ।

र यस्तै सहाबाहरू रसूल सल्लल्लहो अलैहे वसल्लमको जीवनमा उहाँको दुआलाई माध्यम बनाई अल्लाहसित माँग्थे र सबै सहाबीहरू उहाँ कहाँ आई प्रार्थना गर्ने आग्रह गर्थे तर उहाँको मृत्यु पश्चात उहाँको चिहान छेउ आई उहाँलाई माध्यम बनाएनन् किनकी उनीहरूलाई यो थाहा थियो कि उहाँलाई माध्यम बनाउने कार्य उहाँको जीवनमा वैध थियो तर उहाँको मृत्यु पश्चात अवैध छ ।

र यो पनि साथ साथै ज्ञात रहोस् कि कियामतको दिन रसूल सल्लल्लहो अलैहे वसल्लम सबैको लागि सिफारिश गर्ने छन् जब सबै नबीहरू सिफारिश गर्नबाट इन्कार गर्नेछन् र जसलाई अल्लाहले कुरआनमा मुकामे महमूद भनेको छ । र त्यो सिफारिश ती सबैको लागि हुनेछ जसले उहाँको अनुशरण गरे अल्लाह हामी सबैलाई ती मध्येका बनाउन् ( आमीन )

प्रश्न नं. ३ - यस उम्मतका धेरै मान्छेहरूलाई लाइलाहा इल्लल्लाहको अर्थ थाहा नभएकोले त्यस विपरीत कार्यहरू गर्छन् हजूरसंग लाइलाहा इल्लल्लाहको अर्थ र शर्तहरू एवं त्यसका विरुद्ध क्रियाकलापहरूलाई प्रष्ट पारिदिनु अनुरोध छ ?

उत्तरनं. ३ - यस कुरामा कुनै संदेह छैन कि लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाह यस धर्मको जग हो र इस्लामको पहिलो (रुक्न) स्तम्भ हो जस्तो कि हदीसमा छ :

अर्थ : इस्लामका पाँच आधारहरू छन् , यो गवाही दिनु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका रसूल ( संदेशबाहक ) हुन् । र नमाज कायम गर्नु । र दान (धर्मादय) दिनु । र रमजान

महीनाको ब्रत बस्नु । र अल्लाहको घरको हज्ज गर्नु ( यात्रा गर्नु ) । ( बुखारी , मुस्लिा )

र यस्तै आर्को हदीसमा छ जस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत मुआज रजिअल्लाहो अन्होलाई सद्उपदेश दिंदै भन्नु भयो " तिमी अहले किताब ( यहूदी, ईसाई )हरू समक्ष जाँदैछौ पहिला उनीहरूलाई लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु तर्फ आमन्त्रित गर्नु यदि उनीहरूले यसलाई मानेर तिम्रो अनुशरण गर्ने त्यार भइहाल्छन् भने यस पश्चात उनीहरूलाई यो तालिम दिनु कि अल्लाहले उनीहरू मथि (२४ घंटामा) एक दिन र रात्रीमा पाँच बखतको नमाज अनिवार्य गरेको छ । यदि यसलाई पनि ग्रहण गर्छन् भने उनीहरूलाई सिकाउनु कि अल्लाहले उनीहरूको सम्पत्तिमा धर्मादय अनिवार्य गरेको छ , जुन उनीहरू मध्येका सम्पन्नहरूका सम्पत्तिबाट लिएर उनीहरूका गरीब निसहायहरूलाई दिइन्छ ..... " ( बुखारी , मुस्लिाम )

र यसलाई पुष्टि गर्ने यस जस्ता अरु थुप्रै हदीसहरू छन् ।

र लाइलाहा इल्लल्लाहको अर्थ हो अल्लाह बाहेक कुनै सत्य पूज्य छैन अर्थात यो श्लोकको उच्चारण साथ तपाई अल्लाह बाहेकका समस्त मनगढन्ते पूज्यहरूको इन्कार गर्नु हुन्छ, र केवल एक अल्लाहलाई पूज्यको रूपमा स्वीकार गर्नु हुन्छ जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : यी सबै यसकारणले कि अल्लाह नै सत्य छ र उस बाहेक जसलाई पनि यिनीहरूले पुकार्दछन् त्यो असत्य छ, र यो कि अल्लाह नै सर्वोच्च र महान छ । ( सूरतुल् हज्ज ६२ )

र आर्को आयतमा छ :

अर्थ : जोसुकै व्यक्तिले अल्लाहको साथमा कुनै अर्को पूज्यलाई पुकार्दछ, जसको बारेमा उसको साथमा कुनै प्रमाण छैन, त उसको हिसाब उसको पालनकर्तासित छ। निश्चय नै अवज्ञाकारीहरू कहिल्यै सफल हुने छैनन् । ( सूरतल् मूमिनून ११७ )

र आर्को आयतमा छ :

अर्थ : तिमीहरू सबैको पूज्य मात्र एउटै अल्लाह हो। उस बाहेक कोही सत्य पूजनीय छैन । ऊ अत्यन्त दयालु र असीम कृपालु छ । ( सूरतुल् बकरः १६३ )
र आर्को आयतमा छ :
अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन् । र निष्ठाका साथ नमाज़ पढुन् र ज़कात देऊन् र यही नै सबैको साँचो धर्म हो । ( सूरतुल् बैयिनः ५ )
र यस जस्ता धेरै आयतहरू छन् जुन मात्र एक पूज्य अल्लाहको सत्य हुनुलाई पुष्टि गर्छन् र जुन सुकैले पनि यसलाई बिना अर्थ बूझी उच्चारण गर्छ भने उसलाई कुनै लाभ हुने छैन किनकी अर्थ बिहीन मात्र उच्चारणले त्यो बहुदेववादको सीमाबाट निस्कन सक्दैन जब सम्म त्यस्को अर्थ बूझेर विश्वास गरी त्यसै बमोजिम कर्म नगरोस् । कपटीहरू यस मूलमन्त्रको उच्चारण गर्थे तर त्यसमा विश्वास गर्दैनथे यसै कारण उनीहरू नर्कको तल्लो भागमा हुनेछन् ।
ठीक यस्तै यस उम्मतका कब्र चिहानलाई पूज्ने र वलीहरूलाई पूज्नेहरू यस उम्म्तका काफिरहरू हुन् , किनकी उनीहरू मूलमन्त्रको विरुद्ध सबै कर्म गरिरहेका छन् , यसैलेगर्दा मूलमन्त्र उनीहरूलाई कुनै लाभ पुऱ्याउँदैन किनकी उनीहरूले मूलमन्त्रको उच्चारण त गरेछन् तर अर्थ नबूझेर त्यस विरुद्ध कार्य गरिरहेका छन् ।
र मूलमन्त्रका आठवटा शर्तहरू छन् ।
१ - यस्तो ज्ञान जुन अज्ञान्ताको विरुद्ध होस् ।
२ - विश्वास जुन शंका संदेहको विरुद्ध होस् ।
३ - इख्लास ( निःस्वार्थता, शुद्धता ) अर्थात आफ्नो सबै पूजा अराधना बिना कुनै स्वार्थ मात्र अल्लाहको प्रसन्नता प्राप्त गर्नको लागि गर्नु । र यदि कुनै पूजालाई जसरी बलिलाई कसै आर्काको लागि गऱ्यो भने यस शर्तको विरोध गऱ्यो ।
४ - सत्यता : जुन मान्छेले भनेको छ कर्म त्यसैको अनुकूल

हुनुपर्छ यस्तो नहोस् कि लाइलाहा इल्लल्लाह भनेछ तर कर्म त्यसको विरुद्ध होस् अर्थात त्यसले आफ्नो जिब्रोले त उच्चारण गऱ्यो तर तिम्रो हृदयले स्वीकारेन भने मूलमन्त्रले कुनै लाभ पुऱ्याउँदैन ।

५ - प्रेम : भक्त अल्लाहसित निःस्वार्थ प्रेम गरोस् यदि त्यो अल्लाहसित प्रेम गर्दैन भने त्यो नास्तिक नै रहन्छ । अल्लाहको कथन छ :

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमा-दान गर्ने दयालु छ । ( सूरतु आले इमरान ३१ )

र आर्को आयतमा छ :

अर्थ : केही मानिसहरू यस्ता पनि छन्, जसले अल्लाहको शक्तिमा अरुलाई साझेदार बनाएर तिनलाई अल्लाह जस्तै माया" गर्दछन्, र आस्थावानहरू अल्लाहसंगको प्रेममा अत्यन्त कठोर हुन्छन् । कति राम्रो हुन्थ्यो यदि अन्यायीहरूले अल्लाहबाट हुने सजाय देखेर यो जानेको भए कि सबै प्रकारको शक्ति अल्लाहमा नै नीहित छ र यो पनि कि अल्लाह कठोर सजाय दिनेवाला छ (त कदापि कसैलाई साझेदार बनाउने थिएनन्) । ( सूरतुल् बकरः १६५ )

६ - अज्ञापालन : अर्थात आफ्नो समस्त कार्यहरूमा अल्लाहले प्रदान गरेको विधानको अनुशरण गरोस् यदि यस्तो गर्दैन भने त्यो मुस्लिम कदापि हुन सक्दैन ।

७ - स्वीकार : त्यो सबैलाई स्वीकार्नु जसलाई मूलमन्त्र पुष्टि गर्छ र सबै झूठा पूज्यहरूको उपासनाबाट टाढा बस्नु ।

८ - कुफ्र : ( इनकार ) ती सबै पूज्यहरूको इन्कार गर्नु जुन अल्लाह बाहेक पूजिन्छन् र यो विश्वास राख्नु कि सबै पूज्यहरू झूठा र मनगढन्ते हुन् केवल अल्लाह नै सत्य पूज्य हो, अल्लाहको फर्मान छ :

अर्थ : धर्ममा कुनै बलजफ्ती छैन । वास्तवमा कुमार्गबाट

सुमार्ग प्रष्ट भईसकेको छ । यसर्थ जसले अल्लाह बाहेक अन्य मूर्तिहरूमा आस्था राख्दैन र अल्लाहमाथि आस्था राख्यो, उसले यस्तो बलियो डोरी समातिसकेको छ, जुन कि कहिल्यै चुँड्ने छैन। अल्लाह सबै कुरा सुन्ने वाला-सवर्क्ष हो। ( सूरतुल् बकरः २५६ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : जसले लाइलाहा इल्लल्लाह भन्यो र अल्लाह बाहेकका सबै पूज्यहरूको इन्कार गऱ्यो त्यसको रगत र सम्पत्ति हराम ( वर्जित) भयो ( अर्थात त्यसको इज्जत मान सम्मान सम्पत्ति सबै सुरक्षित भयो ) र त्यसको हिसाब अल्लाह माथि छ । ( मुस्लिाम )

यसले गर्दा हामी सबै माथि अनिवार्य भइजान्छ कि मूलमन्त्रलाई उच्चारण गर्नुको साथ साथै उप्रोक्त शर्तहरूको आधारमा आफ्नो जीवन व्यतीत गर्ने प्रयास गरौं । (आमीन)

र केही कार्यहरू त यस्ता छन् जुन पूर्णतः मूलमन्त्रको विरुद्ध छन् र त्यो सबै शिर्कीय गतिविधिहरू हुन्, जस्तो मृतकबाट सहायता माँग्नु, अथवा फरिश्ताहरू मूर्तिहरू रुख ढुँगा आदि सित सहायताको उपेक्षा राख्नु वा उनीलाई ढोग्नु आदि यी सबै क्रियाकलापहरू पूर्णतः लाइलाहा इल्लल्लाहको विरुद्ध छन् ।

र यस्तै अल्लाहले हलाल गरेका वस्तुलाई हराम गर्नु वा हराम गरेका वस्तुलाई हलाल गर्नु पनि पूर्णतः मूलमन्त्रको विरुद्ध छ जसरी व्यभिचार, मदिरा सेवन, ब्याज आदिलाई हलाल ( ग्राह्य ) भन्नु र यस्तै अल्लाहले अनिवार्य गरेका कार्यको इन्कार गर्नु अस्वीकार गर्नु जसरी नमाज, ब्रत, धर्मादय आदिको इन्कार गरी अस्वीकार गर्नु ।

र बाँकी रह्यो त्यो कार्यहरू जुन पूर्णतः मूलमन्त्र विरुद्ध त छैनन् तर मूलमन्त्र माथि विश्वासलाई कम्जोर पार्छन् यस्ता कार्यहरू धेरै छन् जस्तो सानो शिर्क, अल्लाह बाहेकको शपथ लिनु , र सबै कुकर्म र पापहरू यस श्रेणीमा आँउछन् ।

र ईमान ( आस्था )को अर्थ अहलुस्सुनः वल जमाअःको नजिक “ भन्नु र गर्नु हो” र ईमान सत्कर्मबाट बढछ र कुकर्मबाट

घटछ र यसै माथि अहलुस्सुनःको आस्था छ र यसको प्रमाणको लागि थुप्रै आयतहरू छन् जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : र जब कुनै सूरः अवतरित हुन्छ त केही मुनाफिकहरूले भन्दछन्: कि यस सूरः ले तिमीहरूमध्ये कसको ईमानमा अभिवृद्धि गरेको छ ? हो, जो ईमानवाला छन् तिनीहरूको ईमानमा वृद्धि गरेको छ, र तिनीहरू प्रसन्न हुने गर्दछन् । ( सूरतुत्तौबा १२४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : ईमानवालाहरू ती नै हुन् जसका हृदय काम्छन्, जुनबेला अल्लाहको वर्णन हुन्छ । र जब उनका अगाडि अल्लाहका आयतहरू पढेर सुनाइन्छन् त तिनीहरूको ईमानमा झन् बृद्धि भईहाल्छ, र तिनीहरू आफ्ना पालनकर्तामा भरोसा गर्दछन् । ( सूरतुल् अन्फाल २ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र जसले मार्ग पाइहालेका छन्, अल्लाहले तिनीहरूको मार्गदर्शनमा अभिवृद्धि गर्दछ र शेष रहने असल कर्महरू तिम्रो पालनकर्ता कहाँको पुरस्कार र अन्तिम परिणामको दृष्टिकोणले उत्तम छन् । ( सूरतु मरयम ७६ )

र यस्तै अरु धेरै प्रमाणहरू छन् जुन कुरआन र हदीसमा वर्णन छन् ।

प्रश्न नं. ४ - यस वर्तमान युगमा धेरै लेख र निबन्धहरू अल्लाहको अस्तित्वलाई प्रमाणित गर्नु र त्यसलाई सृष्टा घोषित गर्नु माथि लेखिएका छन् तर एकेश्वरवाद माथि लेख नभएको कारणले अधिकतम् मान्छ्हरू त्यसबाट अनभिज्ञ छन् , र यसै कारण शिर्क गरिरहे छन् , हजूरसित अनुरोध छ कि एकेश्वरवाद माथि प्रकाश पार्नुस्  जुन सबै रसूलहरूको मूल आमन्त्रणको मूल उद्देश्य थियो ?

उत्तर नं. ४ - यस कुरामा कुनै संदेह छैन कि अल्लाहले रसूलहरू र ग्रन्थहरू अवतरित गर्ने उद्देश्य केवल यो नै थियो कि अल्लाह बाहेक समस्त मनगढन्ते पूज्यहरूलाई छाडी केवल

एक अल्लाहको पूजा गरियोस् , र त्यसैको लागि समस्त पूजाहरू विशेष गरियोस् । किनकी पृथ्वीमा बस्ने सबै जीवधारीहरूलाई यो थाहा छ कि अल्लाह नै सबैको सृष्टिकर्ता र पालनहार हो । तर मानवहरू यो जान्दा जान्दै पनि त्यसै एक अल्लाहको अराधना नगरी बहुदेववादी भए, र यसको कारण थियो एकेश्वरवादबाट अनभिज्ञता । जस्तो कि नूहको जातिबन्धुमा शिर्कको आरम्भबारे अल्लाहले कुरआनमा विस्तृत जानकारी गराएको छ । र नूहका जाति जस्तै यस उम्मतका पहिलाका मान्छेहरूमा पनि उस्तै शिर्क गरिन्थ्यो, र जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले एकेश्वरवाद तिर उनीहरूलाई आमंत्रित गर्नु भयो त उनीहरूले त्यसलाई स्वीकार गरेनन् र भने " के यसले समस्त पूज्यहरूलाई एउटा पूज्यमा प्रेणित र्गन चाहन्छ निःसंदेह यो अचम्म लाग्ने कुरो हो " (सूरतु साद ५ )

र यस्तै अल्लाहको कथन छ :

अर्थ : र भन्दथेः "के हामीले एउटा उन्मादी कविले भन्दैमा आफ्ना उपास्यहरूलाई छाडिदेऔं ?" ( सूरतुस्साफ्फात ३६)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र यसै प्रकार हामी जुनसुकै बस्तीमा यो भन्दा पहिला कुनै सावधान गर्नेवाला पठायौं त त्यहाँका सम्पन्न मानिसहरूले मात्र यहि भनेः कि "हामीले आफ्ना बाबुबाजेलाई एउटा धार्मिक मार्गमा पाएका छौं र हामीले उनैका पदचिन्हमा उनीहरूको अनुशरण गर्ने छौं " । (सूरतुज्जुखरुफ २३)

अब मुस्लिम विद्वानहरू मथि अनिवार्य भई जान्छ कि पूजाको एकेश्वरवादलाई जनसाधारण समक्ष प्रष्ट गरुन् र पूजाको एकेश्वरवाद र अल्लाहका साक्षात कार्यहरूको एकेश्वरवाद र अल्लाहको नाम र गुणहरूको एकेश्वरवादको भिन्नतालाई सर्व साधारणको समक्ष राखुन् , किनकी धेरै जसो मुस्लिमहरू यस भिन्नतालाई जान्दैनन् ।

र कुरैशका अनास्थावानहरू र अधिकतम् समूहहरू यो जान्द थिए कि अल्लाह नै स्रष्टा हो, र त्यही नै पालनहार पनि हो,

यसै कारण अल्लाहले यस आस्थालाई प्रमाण बनाई उनीलाई त्यसैको मात्र पूजा गर्ने आमन्त्रण दियो जस्तो कि कुरआनमा अनैकौं यस्ता श्लोकहरू छन् उदाहरण स्वरूप केही निम्न हुन्
अर्थ : यदि तपाईले उनीहरूसित सोध्नु हुन्छ कि "उनीहरूलाई कसले सृष्टि गऱ्यौ ?" त उनीहरूले अवश्य भन्नेछन् कि "अल्लाहले" । त यिनीहरू कहाँ (विमुख भई) भौतारिराखेका छन् ? ( सूरतरज्जुखरुफ ८७ )
र आर्को ठाउँमा छ :
अर्थ : र यदि तपाईले उनीहरूसँग सोध्नुहुन्छ कि आकाशहरू र धरतीलाई कसले सृष्टि गऱ्यो र सूर्य र चन्द्रलाई कसले काममा लगायो ? त उनीहरूले भनिहाल्नेछन् "कि अल्लाहले !" अनि उनीहरू कता विमुख भई जाँदैछन् ? ( सूरतुल् अन्कबूत ६१ )
र आर्को श्लोकमा छ :
अर्थ : (तिनीहरूसँग) तपाईले भन्नुस् कि तिमीलाई आकाश र जमीनबाट जीविका कसले प्रदान गर्दछ वा तिम्रो कान र आँखा माथि कस्को अख्तियारी छ र मृतकबाट प्राणवाला कसले बनाउँछ र प्राणवानबाट प्राणहीन कसले गर्दछ ? र त्यो को हो जसले सबै कामको योजना बनाउँछ ? त तिनीहरूले अवश्य भन्ने छन् "अल्लाह", तसर्थ भन्नुस् कि त्यसो भए तिमी ( अल्लाहसँग) किन डर मान्दैनौ ? ( सूरतु यूनुस ३१ )
र यस जस्ता अरु आयतहरू छन् जुन यो धारणालाई प्रमाणित गर्छन् कि जसले तिमीलाई जन्मायो र तिमीलाई अनुकम्पा प्रदान गर्छ त्यही नै पूजा योग्य छ । र त्यस बाहेक जति मूर्तिहरूको पूजा गरिन्छ त्यो शिर्क हो यस्तो गर्नु वैधानिक्ता विरुद्ध छ ।
र अल्लाहले आदेश गरेछ कि उसको नाम र गुणहरू माथि आस्था राखी त्यसलाई सृष्टिबाट महान र उनको दोषारोपणबाट पवित्र मानियोस् जस्तो कि अल्लाहको भनाई छः
अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन् । यसर्थ ती नामहरूद्वारा नै उसलाई पुकार र यस्ता मानिस सित सम्बन्ध पनि नराख जो उसको नामको सम्बन्धमा कुटिलता गर्छन् ।

यिनीहरू यसका निम्ति अवश्य नै दण्ड पाउने छन् । ( सूरतुल् अअ्राफ १८० )
र आर्को ठाउँमा छ :
अर्थ : यदि हामीले यस कुरआनलाई कुनै पहाडमाथि अवतरित गरेको भए, तिमीले त्यसलाई अल्लाहको भयले चूरा-चूरा भईराखेको देख्नेथ्यौ र यी उदाहरणहरू हामीले मानिसहरूका निम्ति वर्णन गर्दछौं ताकि उनीहरूले गम्भीरतापूर्वक विचार गरुन् । उही अल्लाह हो, जस बाहेक अरु कोही सत्य पूज्य छैन, अदृश्य र प्रकटको ज्ञाता, बडो कृपाशील, अत्यन्त दयावान छ । त्यही अल्लाह हो, जस बाहेक कोही सत्य पूजाको योग्य छैन । त्यो सम्राट हो, अत्यन्त पवित्र सबै दुर्गुणबाट मुक्त, शान्तिदाता, संरक्षक, अधिपत्यवाला र शक्तिशाली र महानतायुक्त पवित्र छ अल्लाह, त्यस शीर्कबाट जुन उनीहरूले गर्दछन् । ( सूरतुल् हश्र २१-२४ )
र आर्को ठाउँम छ :
अर्थ : तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । ( सूरतुल् इखलास १,२ )
र आर्को ठाउँमा छ :
अर्थ : जसले तिम्रो लागि पृथ्वीलाई ओछ्यान र आकाशलाई छत बनायो र आकाशबाट वर्षा गराएर त्यस द्वारा तिम्रो आहारको निम्ति थरि-थरिका फल-फूल उत्पादन गऱ्यो । खबरदार ! जानी-जानी कसैलाई अल्लाहको साझेदार नबनाऊ । ( सूरतुल् बकर: २२ )
र आर्को ठाउँम छ :
अर्थ : ऊ आकाशहरू र धरतीको स्रष्टा हो । उसले तिम्रो निम्ति तिम्रै सहजातिबाट जोडी बनायो र चौपायाहरूको जोडी पनि । यस्तै तरिकाले तिमीलाई यहाँ फैलाइ रहेको छ । ऊ जस्तो कुनै कुरा छैन, र ऊ सुन्दछ र जान्दछ । ( सूरतुश्शूरा ११ )
र यस जस्ता धेरै आयतहरू छन् जुन अल्लाहका नाम र गुणहरू माथि उसले बताएको नियमहरू अनुसार आस्था राख्नु

माथि विस्तृत जानकारी प्रदान गर्छन् । र एकेश्वरवादका उप्रोक्त तीनवटै किसिमहरू एक आर्कासित भिन्न भए पनि एक आर्कासित संलग्न छन् यसलाई विद्वानहरूले विस्तृत रूपले वर्णन गरेका छन् र यसको भिन्नता र संलग्नतालाई प्रष्ट पारेका छन् जसलाई वर्णन गर्ने यो ठाउँ होइन यसबारे अधिक ज्ञानको लागि अकीदः (सिद्धान्त)का पुस्तकहरू र शैखुल् इस्लामका कृतिहरू र मुहम्मद बिन अब्दुल वहाब र अरु विद्वानहरूका कृतिहरूको अध्यन गर्नुहोस् ।

प्रश्न नं. ५ - केही मान्छेहरू विद्वानहरू र धर्मात्माहरूबाट तबर्रुक ( बरकत ) लिनु वैध ठान्छन् र प्रमाण स्वरूप सहाबाहरूले रसूलबाट तबर्रुक प्राप्त गरेको कार्यहरूलाई प्रमाणमा पेश गर्छन् हजूरसंग प्रश्न छ कि यसको वैधानिक हुकुम वर्णन गरिदिनु होस् र के यसबाट नबी नभएका मान्छेहरूलाई नबी जस्तै ठान्नु बोध हुँदैन ? प्रष्ट पार्नुस् र के नबी सल्लल्लाहो अलैहे वसल्लमबाट उहाँको मृत्यु पश्चात बरकत प्राप्त गर्न सकिन्छ ? र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई माध्यम बनाई वसीला प्राप्त गर्न सकिन्छ ?

उत्तर नं. ५ - नबी सल्लल्लाहो अलैहे वसल्लम बाहेक कुनै व्यक्तिबाट बरकत प्राप्तगर्न जायज छैन, नत त्यसको वजूको पानीबाट , नत उसको कपाल एवं थुकबाट र नत त्यसको शरीरका अन्य कुनै भागबाट किनकी यो केवल हाम्रो नबीको विशेषता थियो, यो अरु कुनै व्यक्तिमा छैन, र यसै कारण उहाँको साथीहरूले उहाँको मृत्यु पश्चात उहाँको कुनै प्रतिनिधि अथवा अरु कुनै व्यक्तिको शरीरबाट तबर्रुक प्राप्त गरेनन् । यो यस माथि प्रमाणिकरण गर्छ कि यो मात्र अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लमसित विशेष थियो । यसै कारण रसूलको इज्जत र सम्मान एवं प्रतापलाई माध्यम बनाउनु जायज छैन, किनकी यस्ता क्रियाकलापहरू शिर्क तर्फ लग्ने माध्यम हुन् ।

यदि यस्तो गर्न जायज हुन्थ्यो भने यसको वैधानिक्ता माथि प्रमाण कुरआन र हदीसमा उपस्थित मिल्थ्यो, तर कुरआनमा

त यो आदेश छ " र अल्लाहका लागि नै सबै सर्वोत्तम नामहरू हुन् त तिमीहरू त्यसैलाई माध्यम बनाई ऊ सित माँग" ( सूरतुल् अअ्राफ १८ )

र यस्तै अल्लाहको इज्जत सम्मान महान्ता उदारता दया आदिलाई माध्यम बनाउन सकिन्छ र यस्तै अल्लाहको प्रेम र सुकर्मलाई माध्यम बनाउन सकिन्छ, जस्तो कि अघि नै यसको वर्णन प्रमाण सहीत भई सकेको छ । र यस माथि पनि अनेकौ विद्वानहरूले आफ्ना आफ्ना उदगार प्रष्ट पारिसकेका छन् जस्तो शैखुल इस्लाम इब्ने तैमिया, इब्ने कैयिम आदि...।

यसबारे अधिक जानकारीको लागि उप्रोक्त वर्णन गरिएका विद्वानहरूको पुस्तकहरूको अध्यन गर्नुहोस् ।

प्रश्न नं.६ - कतिपय जना तौहीद ( एकेश्वरवाद )को विषयमा गलत धारणा राख्छन् र एकेश्वरवाद विरुद्ध कार्य गर्छन् त उनीहरूको इस्लामीय विधान अनुसार के हुकुम छ ? र के उनीहरू अज्ञानताको कारण मअजूर ( क्षमा योग्य ) मानिन्छन् ? र के उनीहरूसंग बिहेगर्न सकिन्छ ? र उनीहरूले जब्ह गरेका जनावरलाई खान सकिन्छ ? र के उनीहरू मक्कामा प्रवेश गर्न सक्छन् ?

उत्तर नं. ६ - जस व्यक्तिको बारेमा यो थाहा भईजाओस् कि त्यो मृतकहरूसित सहायता माँग्छ अथवा उनीहरूको नाममा प्रतिज्ञा वा मन्नत मान्छ भने यस्तो व्यक्तिसित विवाह गर्नु जायज छैन, त्यो काफिर र मुश्रिक हो, र त्यसलाई बैतुल्लाहमा प्रवेश गर्नु जायज छैन वर्जित छ, चाहे त्यो अनभिज्ञ किन नहोस् यहाँ सम्म कि त्यो प्रयाश्चित नगरोस्, जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : (मोमिनहरू!) अनास्थावान स्त्रीलाई पत्नी नबनाउनु ( विवाह नगर्नु) जबसम्म कि तिनी आस्थावान हुँदैनन् । किनभने आस्थावान दासी पनि अनास्थावान स्वतन्त्र स्त्री भन्दा उत्तम हुन्छ, तिमीलाई अनास्थावान स्त्री राम्री लागे पनि, र मुश्रिक लोग्ने मान्छे, जबसम्म कि अल्लाह माथि ईमान ल्याउँदैन, उससंग आफ्ना मोमिना (मुस्लिम आइमाईहरू)को विवाह नगर्नु

। किनभने मुश्रिक लोग्ने, तिमीलाई चाहे जति राम्रो लागे पनि, त्यो भन्दा मोमिन दास राम्रो छ । यिनीहरू नर्कतिर निम्त्याउँछन् र अल्लाह स्वर्ग र आफ्नो उपकार तिर आफ्नो आदेशले बोलाउँदछ र आफ्नो आदेश मानिसहरूसित खुलस्त रूपमा वर्णन गर्दछ ताकि उनीहरू सही चेतना प्राप्त गर्न सकुन् । ( सूरतुल् बकरः २२१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : मोमिनहरू ! जब तिम्रो पासमा मोमिन स्त्रीहरू आप्रवासी भएर आउँछिन् भने उनीहरूलाई तिमीले जाँची हाल । वास्तवमा उनीहरूको ईमानलाई राम्ररी परीक्षा गर्ने त अल्लाह हो तर यदि उनीहरू तिमीलाई ईमानवाली लाग्दछिन् भने, उनीहरूलाई तिमीले अब कुफ्फारको पासमा फिर्ता नपठाऊ । ती स्त्रीहरू उनीहरूका लगि वैध छैनन्, र न उनीहरू ती स्त्रीहरूको लागि वैध छन् । र जे-जति ती काफिरहरूले खर्च गरेका छन्, त्यो उनीहरूलाई फिर्ता दिईहाल । र ती स्त्रीहरूलाई महर दिएर उनीसित निकाह गर्नुमा तिमीलाई कुनै पाप छैन । र काफिर स्त्रीहरूको सतित्व आफ्नो बैवाहिक अधिकारमा नराख जे-जति तिमीले उनीहरूमाथि खर्च गरेका छौ, तिमीले उनीहरूसित माँगिहाल र जे-जति काफिरहरूले खर्च गरेका छन्, त्यो काफिरहरू माँगिहालुन्, यो अल्लाहको निर्णय हो, जसले तिमीहरू बीच फैसला गर्दछ । अल्लाह सर्वज्ञानी र तत्वदर्शी छ । ( सूरतुल् मुमतहिनः १० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : हे ईमानवालाहरू ! निःसन्देह मुश्रिकहरू बिल्कुलै अपवित्र छन् । अतः यस वर्ष पश्चात उनीहरू मस्जिदे हरामको समीप पनि आउन न पाउँन् । र यदि तिमीलाई निर्धनताको भय छ भने चाहेको खण्डमा अल्लाहले तिमीलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ । निश्चय नै अल्लाह सबै कुरा जान्नेवाला, अत्यन्त तत्वदर्शी छ । ( सूरतुत्तौबः २८ )

र उप्रोक्त वर्णन गरिएका अवस्थामा उनीहरूसित नास्तिकहरू झैं व्यवहार गरिन्छ र यस्तो व्यवहार गर्नुमा उनको अनभिज्ञता

बाध्य हुँदैन यहाँ सम्म कि उनीहरू यसबाट तौबा नगरुन् किनकी अल्लाहको यिनीहरूको लागि फर्मान छ :

अर्थ : र जब यिनीहरूले कुनै निर्लज्जतापूर्ण अश्लील काम गर्दछन् तब भन्दछन् कि, हामीले आफ्ना बाबु-बाजेलाई यस्तै गरेको देखेका छौं र अल्लाहले पनि हामीलाई यही आदेश गरेको छ । भनिदिनुस् कि, अल्लाह निर्लज्जताको आदेश कहिले पनि दिंदैन । तिमीले अल्लाहको बारेमा यस्ता कुरा किन गर्दछौ जसको विषयमा कुनै ज्ञान छैन ? भनिदिनुस् "कि, मेरो पालनकर्ताले न्यायको आदेश दिइएको छ, र यो पनि कि प्रत्येक नमाजको बेला आफ्नो अनुहार सिधा (किब्ला तीर) राख्नेगर र अल्लाहको उपासना उसैको लागि मात्र गर्नु । अल्लाहले जुन प्रकारले तिमीलाई शुरूमा सृष्टि गरेको थियो त्यस्तै फेरि तिमी सृजना गरिनेछौ ।" केही समूहलाई त उसले सही मार्ग देखायो र केहीमाथि पथबिचलित भएको प्रमाणित भैसक्यो । (किनकी) यिनीहरूले अल्लाहलाई छाडि शैतानलाई आफ्नो मित्र बनाए । र यो संम्भन्छन् कि तिनीहरू सही मार्गमा छन् । ( सूरतुल् अअ्राफ २८-३० )

र ईसाई र उनीहरू जस्ता मान्छेहरूको लागि अल्लाहको भनाई छ :

अर्थ : के काफिरहरूले यो ठानी राखेका छन्? कि म बाहेक, तिनीहरूले मेरा भक्तहरूलाई आफ्नो समर्थक बनाई हाल्ने छन् ? (सुनि राख) हामीले त यी कुफ्फारहरूको आतिथ्यको निम्ति नर्कलाई तयार गरिसकेका छौं । भनि दिनुस् कि: म तिमीलाई बताई दिन्छु कि कर्महरूको दृष्टिले सबै भन्दा बढी घाटामा को छन् ? ( सूरतुल् कहफ १०२,१०३ )

र यस जस्ता धेरै आयतहरू यस समस्या माथि प्रमाणिकरण गर्छन् ।

प्रश्न नं. ७ - धेरै समाज र कुलहरूमा इस्लामी विधि र निर्देश एवं कानूनको उपहास गरिन्छ र धेरै जसो इस्लामी कार्यहरू माथि टिप्पणी गरिन्छ, जस्तो कि दाह्री राख्नु, पैन्ट सिरवाल आदिलाई गोलीगांठ ( टख्ना ) भन्दा माथि लगाउनु आदि , त

यस्ता निर्देशनहरूको उपहास गर्ने मान्छेको के हुकुम छ ? के त्यो व्यक्ति धर्मबाट निस्कासित भई जान्छ वा के हुकुम छ प्रष्ट पारिदिनु अनुरोध छ ? र यस्तो कुकर्म गर्ने मान्छेलाई तपाई के आदेश दिनुहुन्छ ?

उत्तर नं. ७ - निःसंदेह अल्लाह र रसूल र उहाँको धर्मको र निर्देशनको उपहास गर्नु कुफ्र हो, नास्तिकता हो, जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : यदि तपाईंले उनीहरूसंग सोध्नुहुन्छ भने स्पष्ट भन्नेछन् कि हामी त यस्तै आपसमा हाँसो(खेल) गरिराखेका थियौं । भन्नुस्: "के अल्लाह, उसका आयतहरू र उसका रसूल नै तिम्रो लागि हाँस-खेलका पात्र हुन् ? ( सूरतुत्तौबः ६५ )

र एकेश्वरवादको उपहास गर्नु पनि यसमा शम्मिलित छ र यस्तै नमाज, धर्मादय, ब्रत, हज्ज आदि कुनै इस्लामी निर्देशनको उपहास गर्नु यसमा शम्मिलित छ ।

तर दाह्री राख्ने मान्छे र गोलीगांठ भन्दा माथि लूगा लगाउने मान्छेको उपहास गर्नु ठूलो पाप हो तर यसको हुकुमको वास्तविक्ता थाहा नभएको कारण माथि वर्णन गरिएका जस्तो हुकुम लाग्दैन तर यस्ता मान्छेहरूलाई यस्तो गर्नुबाट सचेत गर्नुपर्छ, र यसको परिणमबाट डराउनु पर्छ ताकी त्यो व्यक्ति यस्तो कर्मबाट रुकोस् र तौबा गरी अल्लाहको प्रसन्नता खोजोस् र अल्लाहको क्रोधको पात्र नबनोस् ।

अल्लाहसित प्रार्थना छ कि अल्लाह हामीलाई सत्मार्गमा चलाउन् र हाम्रा त्रुटिहरूलाई क्षमागरि स्वर्गमा स्थान प्रदान गरुन् ( आमीन )

मलाई आशा छ कि मेरो यो सानो प्रयास तपाईहरूको लागि लाभदायक होला । अन्तमा मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई इस्लामीय विधानको ज्ञान प्रदान गरुन् र हामीलाई त्यस माथि हिंडन शक्ति प्रदान गरी स्वर्गको अधिकारी बनाउन् , र हामी मध्ये जुन पथ विचलनमा परेका छन् उनीहरूलाई सुमार्गी बनाउन् , र हामी मध्ये जुन माथि कुनै कष्ट आईपरेको छ तिनीहरू माथि आफ्नो अपार

अनुग्रहले कृपा गरी उनीहरूको कष्टलाई दूर गरुन् , र हाम्रा जुन भाइहरूलाई कुनै विरामीले व्याकुल गरेको छ त्यसलाई संचो पारुन् , र हाम्रा निःसंतान भाइबहिनीहरूलाई आफ्नो अपार शक्तिले संतान प्रदान गरुन, र हाम्रा बाबु बाजे आमा र हाम्रा संतानहरूलाई स्वर्गको बाटोमा लगाई सबैलाई स्वर्ग प्रदान गरुन् , र हामी मध्येका जुन भाइबहिनीका आमा बाबुको स्वर्गबास भइसकेको छ अल्लाह उनी सबैको पापलाई क्षमा गरी स्वर्गमा स्थान प्रदान गरुन् ।

(**आमीन**)

# ***समाप्त***

*अनुवादक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वाॅड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780
00966-0501372254